# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## अपिहिमाल गाउँपालिका

दार्चुला




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल


# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## अपिहिमाल गाउँपालिका

### दार्चुला




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## अपिहिमाल गाउँपालिका

## दार्चुला

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, सुदूरपश्चिम प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ५३६ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
अपिहिमाल गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
दार्चुला ।

**कैफियत सहितको राय**

हामीले अपिहिमाल गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. १ करोड ५२ लाख १ हजार बेरुजु देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु. २५ हजार फछ्र्यौट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. २७ लाख ६२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५ लाख ८९ हजार, नियमित गर्नुपर्ने रु. ४३ लाख २७ हजार र पेश्की रू. ७४ लाख ९६ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु. ४ करोड ८५ लाख ८२ हजार बेरुजु बाँकी रहेकोमा सम्परीक्षणबाट फस्यौंट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु. ५ करोड ३७ लाख २ हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्य अनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचार संहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन ।वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

अपिहिमाल गाउँपालिका, दार्चुला

# 1. चालु वर्षको बेरुजु २०७८।७९

## 1.1. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४९ | २५ | १५२०१ | ० | १ | २५ | ४९ | २४ | १५१७५ | २७६२ | ४३२७ | ५८९ | ० | ० | ४९१६ | ७४९६ |

**१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण** **(रु. हजारमा)**

| **क.सं.** | **प्रारम्भिक प्रतिवेदनको दफा नं.** | **छोटकरी व्यहोरा** | **रकम रु.** |
|---|---|---|---|
| १. | ५९ | संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रकम | २५ |
| **जम्मा** | | | २५ |

# 2. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| अपिहिमाल गाउँपालिका, दार्चुला | ४८५८२ | ० | १००५५ | ३८५२७ | ० | १५१७५ | ५३७०२ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : अपिहिमाल गाउँपालिका, दार्चुला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | लक्ष्मण सिह धामी | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | दिपक सिह धामी | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १५,१७५,५२२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ९२,९४,६८५.३२ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २८,२९,१७,५५९ | **चालु खर्च** | १८,५३,७८,७४५.२२ |
| **प्रदेश सरकारबाट अनुदान** | १,२०,८४,००० | **पूँजीगत खर्च** | ९,८२,२०,३७६ |
| **राजश्व बाँडफाँट** | ४,७७,७५,५४९.१४ | **वित्तीय/अन्य व्यवस्था** | ५,५९,५५,७३४.०८ |
| **आन्तरिक आय** | २०,११,२१७.९ | | |
| **अन्य आय** | ८९,८२,६७२.५ | | |
| **कुल आय** | ३५,३७,७०,९९८.५४ | **कुल खर्च** | ३३,९५,५४,८५५.३ |
| **बाँकी मौज्दात** | | २,३५,१०,८२८.५६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | महालेखा परिक्षकको कार्यालयको लेखापरीक्षण योजना २०७९ मन्त्रालयगत लेखापरीक्षण योजना र ईकाइगत लेखापरीक्षण योजना लगायत लेखापरीक्षण अनुवन्धपत्र, लिखित प्रतिनिधित्वपत्र लगायत पेश भएसम्मका अन्य विवरण समेतलाई आधारमानी लेखापारीक्षण सम्पन्न गरीएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरा प्रारम्भिक प्रतिवेदनमा समावेश गरिएको छैन ।लेखापरीक्षणवाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसंग २०७९।०५।१९ मा छलफल गरी कायम हुन आएका व्यहोरा निम्नानुसार छन् । | |
| २ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस अपिहिमाल गाँउ पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु अपि हिमाल गाँउ पालिकाको उद्देश्य रहेको छ । यस अपिहिमाल गाँउपालिका अन्तर्गत ६ वडा, गाँउपालिका प्रमखु लगायत ३० जना सभा सदस्य, ६१३.९५ वर्ग किलोमिटर क्षेत्रफल तथा ७हजार ९४३जनसंख्या घरधुरी १२८० रहेको छ । | |
| ३ | | | **वित्तीय विवरण**<br><br>वित्तीय विवरण — स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेमा गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ४ | | | **बरबुझारथ**<br><br>मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्छ । | |
| ५ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• कार्यालय प्रमुखले अख्तियारी प्राप्त नभएका कर्मचारीहरुले ईन्धन वापतको रकम सिफरिस गर्ने गरेको तथा कार्यालय प्रमुखको स्वीकृति वेगर ईन्धन बाँड्ने गरेको । | • |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेस्ता र बैंक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ-टीडिएस गरेको छैन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भरपाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा १५ दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको छैन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा तर्जुमा गरेको देखिएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br>• वडाहरु र पालिकाका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु संचालन गर्दा ( कृषि सामान खरिद, सोलार खरिद, फर्निचर खरिद लगायत) विभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकीकृत प्याकेज बनाई मितव्ययी, प्रतिस्पर्धी र दक्षतापूर्ण ढङ्गबाट कार्यान्वयन गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६ | | | **सम्पत्ती हस्तान्तरण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| ७ | | | **बजेट पेश, पारित र अख्तियारी** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सकभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री उर्मिला बोहराले २०७८।०३।१० गते रु. ३३ करोड २६ लाख ९० हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।१४ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०३।१८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ८ | | | **बजेट सीमा निर्धारण समिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले उल्लिखित समितिहरुको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| १० | | | **चौमासिक पूजिगत खर्च**<br><br>गाउँपालिकाले स्वीकृत भएको कार्यक्रमको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय अनुसार छः | |

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च रु हजारमा | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| पूँजिगत खर्चतर्फ | ९८२२० | ५५९५ | १६०४७ | ७६५७८ | ४८२१३ |
| प्रतिशत | | 5.70 | 16.34 | 77.97 | 49.1 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ९८२२००००। निकासा भएकोमा प्रथम चौमासिकमा रु. ५५९५०००। अर्थात ५.७ प्रतिशत, दोश्रो चौमासिकमा रु. १६०४७०००। अर्थात १६.३४ प्रतिशत र तेश्रो चौमासिकमा रु. ७६५७८०००। अर्थात ७७.९७ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ४८२१३०००। अर्थात ४९. १ प्रतिशत खर्च देखिनुले अषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |
| ११ | | | **आयको अनुमानः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२०१८०६०। आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु. २०११२१७। आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| १२ | | | **लक्ष्य प्रगति**<br><br>कार्यालयको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरीय तथा केन्द्रीय स्तरीयका १०६ योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा तोकिएको ढाँचामा बार्षिक प्रगति प्रतिवेदन तयार नगर्ने कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| १३ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः**<br><br>पालिकाबाट यो वर्ष भएको क्षेत्रगत कार्यक्रम र बजेट खर्च स्थिति देहाय बमोजिम रहेको छः | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>क.स</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>जम्मा खर्चको तुलनामा खर्च प्रतिशत</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>४९८५०००००</td><td>४५९६२३२८</td><td>16.2</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>५९२०६०००</td><td>३९२४८६४७</td><td>13.8</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>१७२०२४६८५</td><td>१४८४६२१३४</td><td>52.3</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>०</td><td>०</td><td>0.0</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>१०७२००००</td><td>५७२८४३२</td><td>2.0</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>५७७८८९९०</td><td>४४२४६३४८</td><td>15.6</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३४९५८९६७५</td><td>२८३६४७८८९</td><td>१००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकासमा ५२.३ प्रतिशत र घटी वातावरण तथा विकासमा शून्य खर्च रहेको छ । मध्यकालीन खर्च संरचना तयार गरी दिगो विकास लक्ष्यको स्थानीय लक्ष्य गन्तव्य र सूचकको आधारमा बजेट सांकेतिकरण गरी बजेट व्यवस्थापनलाई आवधिक योजना अनुकूल समावेशी बनाउनु पर्दछ । | |
| १४ | | | **राजश्व अभिलेख**<br><br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाउँपालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो । | |
| १५ | | | **राजश्व दाखिला**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २८ (२) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरि स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजस्व रकम दाखिला नगरेमा सम्बन्धित तालुक कार्यालयले १० दिन वा सो भन्दा वढी ढिला गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ६ वटा वडा कार्यालय, विभिन्न शाखा तथा गाउँपालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| १६ | | | **मनोरञ्जन कर तथा व्यवसाय करः**<br><br>मनोरञ्जन कर : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७८।७९ मा गाउँपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस गाउँपालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । व्यवसाय करः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । आर्थिक वर्ष २०७८।७९ मा गाउँपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । गाउँपालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| १७ | | | **लेखापरीक्षण प्रतिवेदन उपर छलफल**<br><br>लेखापरीक्षण ऐन २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने व्यवस्था छ । जस अनुसार स्थानीय तहले सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यपालिकाको वैठकमा पेश सम्म गरेको देखीयो । लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थाकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **सेवा प्रवाह**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार २१ वटा ऐन, १० वटा नियमावली, ५० वटा कार्यविधि, ४ वटा मापदण्ड र १ बटा निर्देशिका सहित ८६ वटा कानून कार्यान्वयनमा ल्याएको छ । यस वर्ष गाउँपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | 0 |
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | २५९ |
| मृत्युदर्ता | ३२ |
| बसाईसराई दर्ता | ९ |
| विवाह दर्ता | ६३ |
| सम्बन्धविच्छेद दर्ता | २ |
| पूर्वाधार विकास सडक निर्माण | |
| कालोपत्रे सडक निर्माण | ० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td></tr><tr><td>ग्राभेल सडक निर्माण</td><td>०</td></tr><tr><td>ग्राभेल सडक मर्मत</td><td>०</td></tr></table>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>कानून निर्माण<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार २१ वटा ऐन, १० वटा नियमावली, ५० वटा कार्यविधि, ४ वटा मापदण्ड र १ बटा निर्देशिका स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । पालिकाले ८६ वटा कानूनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरेता पनि उक्त सबै कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन । सवै कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>न्यायिक समिति<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यो बर्ष थप भएको १३ गरी कुल १४ विवाद दर्ता भएकोमा ११ फछ्र्यौट भई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **आर्थिक सहायता**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर गाउँपालिकाले यस वर्ष १२ जनालाई रु. ५ लाख ७० हजार आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २२ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म १२ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत सहित २७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्ती पूर्ण नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| २३ | | | **कर्मचारी करार**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर गाउँपालिकाले दरवन्दी भित्र २४ जना कर्मचारीहरु करारमा राखि रु. ९४६००००। खर्च लेखेको छ । त्यस्तै समाजिक परिचालक, कार्यालय सहयोगी, पशु प्राविधिक, कृषि प्राविधिक, माली लगायतका दरवन्दी वाहिरका पदहरुमा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | जना कर्मचारीलाई करारमा राखि रु १७१७८०००। खर्च लेखेको छ । स्थानीय सेवा ऐन तर्जुमा गरी सोही अनुसार जनशक्ति व्यवस्थापन गर्नु पर्दछ । | |
| २४ | | | **वडा सचिवको पदपूर्ति**<br><br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।वडाको सेवा प्रवाहालाई प्रभावकारी बनाउन वडाको रिक्त जनशक्ति पुर्ति गर्नु पर्दछ ।<br><br>वडा संख्या: ६ — वड सचिवको दरबन्दी: ६ — वडा सचिवको पदपूर्ति: १ — रिक्त वडा सचिव: ५ | |
| २५ | | | **कल्याण कोष**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले कर्मचारी कल्याणकारी कोषको व्यवस्था गरी रु ७५८८९०। जम्मा गरेको भएपनि मासिक कट्टा गरी जम्मा गरेको छैन । ऐन बमोजिमको कल्याणकारी कोषको व्यवस्था हुनु पर्दछ । | |
| २६ | | | **खरिद व्यवस्थापन**<br><br>१ बार्षिक खरिद योजना/गुरुयोजना : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा | |

Nested table in row २४:

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
| --- | --- | --- | --- |
| ६ | ६ | १ | ५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.९ करोड ८२लाख २० हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । २ ठेक्का व्यबस्थापनः सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । पालिकाबाट संचालित योजनाको निर्माण कार्य उपभोक्ता समितिबाट रु ३२११९०००।, बोलपत्रबाट रु. १३१९९०००। र गैरसरकारी संस्थाबाट रु १२०९५०००। रहेको देखियो । | |
| २७ | | | **DPR खर्चः**<br><br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

| कार्य विवरण | परामर्शदाता | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|
| खत्ती ढल निकास | वेस्टर्न नेपाल इन्जिनियरिङ फर्म | १४९६००० | ४ करोड |
| शहरी उर्जा | रितु कन्सल्टेण्ट | १०००००० | ९ करोड |
| जम्मा | | २४९६००० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>डी.पी.आर. तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै न्यून आयस्रोत भएका निकायले स्रोत एकिन नगरी यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयन गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डी.पी.आर. लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>आन्तरिक आय<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><th>केन्द्रिय अनुदानबाट खर्च</th><th>आन्तरिक आय</th><th>आन्तरिक आय प्रतिशत</th></tr>
<tr><td>२९५००१५५९</td><td>२०११२१७</td><td>०.६८</td></tr>
</table>
उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.६८ प्रतिशत मात्र रहेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>स्थानीय तहको विभाज्य कोष<br><br>प्रदेशको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यथार्थ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाडफाड गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>विपद् व्यवस्थापन कोषः<br><br>विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(२)मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको संचालन सम्वन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु ८१५०६५। आम्दानी भई रु. ३६९७३०। खर्च गरी बाँकी रु ४४५३३५। देखिन्छ ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयन<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८/७९ को अध्ययन गर्दा गाउँपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाउँपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><td>विवरण</td><td>रु १ लाख सम्म</td><td>रु १ लाख देखि २ लाखसम्म</td><td>रु २ लाखदेखि ५ लाखसम्मका</td><td>रु ५लाख देखि १० लाखसम्मका</td><td>रु १० लाखभन्दा बढीको</td><td>जम्मा</td></tr>
<tr><td>योजना संख्या</td><td>७</td><td>६७</td><td>१२</td><td>१५</td><td>५</td><td>१०६</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>रकम रु हजारमा</td><td>४०३</td><td>१४८७०</td><td>९८०२</td><td>३८८८८</td><td>३०४७४</td><td>९४४३७</td></tr>
</table>
उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष रु.१० लाख भन्दा बढीका जम्मा ५ वटा योजना संचालन गरेकोमा रु.१० लाख भन्दा मुनिका १०१ वटा योजनाहरु रहेका छन् । साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था भएकोले दिगो प्रतिफलयुक्त ठूला योजना निर्माण तथा व्यवस्थापनमा जोड दिनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>
शिक्षक र विद्यार्थी संख्या<br><br>
स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २४ सामुदायिक विद्यालयहरुको स्थाई शिक्षक, अस्थायी शिक्षक, राहत शिक्षण संख्या एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>स्थायी शिक्षक</th><th>अस्थायी शिक्षक</th><th>राहत शिक्षक</th><th>शिक्षक संख्या जम्मा</th><th>विद्यार्थी संख्या जम्मा</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>श्री महादेव आ.वि ल्वाथी (०-५ कक्षा)</td><td>२</td><td>-</td><td>-</td><td>२</td><td>१९</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २. | श्री भवानी आ वि सिती (०-८ कक्षा) | ३ | - | १ | ४ | ११३ | |
| ३. | श्री महादेव मा.वि घुसा (०-१० कक्षा) | २ | १ | ४ | ७ | १९९ | |
| ४. | श्री अपिनाम्पा आ.वि पाटु (०-४) | - | - | - | - | २९ | स्वयम सेवक शिक्षक-२ र वालविकास-१ |
| ५. | श्री सिद्धनाथ आ.वि दैभात (०-५ कक्षा) | - | - | २ | २ | ४४ | |
| ६. | श्री दुदिला भवानी आ.वि झस्कु (०-३) | १ | | | १ | ९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ७. | श्री सुर्मा भवानी आ.वि थुम्ती (०-५) | ३ | - | - | ३ | ६७ | | |
| | | | ८. | श्री महादेव आ.वि काटै(०-५ कक्षा) | १ | - | - | १ | २२ | | |
| | | | ९. | श्री हिमालय आ.वि पाथा (०-८ कक्षा) | ३ | २ | - | ५ | ७६ | | |
| | | | १०. | श्री सिद्धनाथ आ.वि घाजिर (०-५ कक्षा) | - | २ | - | २ | ३० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११. | श्री खण्डेश्वरी मा.वि क्षेत्ती (०-१२ कक्षा) | १० | ८ | २ | २० | ४९२ | |
| १२. | श्री तामा खानी आ.वि चौविसन(०-८ कक्षा) | १ | - | २ | ३ | १२० | |
| १३. | श्री सरस्वति आ.वि, मरखोला (०-५ कक्षा) | २ | १ | - | ३ | १८४ | |
| १४. | श्री भवानी मा.वि सौगन्ना (०-१० कक्षा) | १ | ३ | १ | ५ | २५२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५. | श्री डाँडाबाग आ.वि लुम्थी (०-५ कक्षा) | १ | १ | १ | ३ | ६१ | |
| १६. | श्री चौलानी आ.वि लुम्थी (०-५ कक्षा) | - | - | - | - | ३८ | स्वयम शिक्षक २ जना र बालविकास१ जना |
| १७. | श्री भूमिराज आ.वि चौकीबजार (०-५ कक्षा) | - | - | २ | २ | १८ | |
| १८. | गौरिशंकर आ.वि मज्जे (०-५ कक्षा) | - | ३ | - | ३ | ३५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १९. | श्री सानो आ.वि माङदाङ (०-३ कक्षा) | १ | | | १ | ४५ | | |
| | | | २०. | श्री छिपुलकेदार मा.वि धंक(०-१० कक्षा) | २ | - | - | २ | २५४ | | |
| | | | २१. | श्री महादेव आ.वि खडियान (०-५ कक्षा) | १ | १ | - | २ | ४७ | | |
| | | | २२. | श्री भवानी आ.वी ककनाडी (०-५ कक्षा) | - | - | - | | ३२ | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२३.</td><td>श्री महादेव आ.वि राङपाङ (०-५ कक्षा)</td><td>-</td><td>-</td><td>२</td><td>२</td><td>२३</td><td></td></tr>
<tr><td>२४.</td><td>श्री भवानी आ.वि देउली (०-५ कक्षा)</td><td>-</td><td>-</td><td>-</td><td>-</td><td>१४</td><td>स्वयम शिक्षक १ जना र बालविकास१ जना</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td></td><td>७३</td><td>२२२३</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २३६ जनालाई रोजगारी उपलव्ध गराएको जसमध्ये ६६ जनालाई १०० दिन र बाँकी १७० जनालाई औषत ८७ दिन रोजगार उपलब्ध गराएको पाइयो। लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिदैन।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३४</td><td></td><td></td><td>बढी दरमा खरिद<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले ओखर खेती बहुउद्देश्यीय फलफुल नर्सरीलाई रु १२७०७०८। भुक्तानी दिएको छ । लागत अनुमान तयार नगरी १५०० वटा ओखरको विरुवा प्रति गोटा रु ३८५। को दरले खरिद गरी ९ वटा समूहलाई बुझाएको भरपाई संलग्न गरेको छ । उक्त ओखरका वेर्ना अन्य पालिकाले खरिद गर्दा प्रति गो ५० देखि ७० सम्म खरिद गरेको देखिन्छ । यसलाई आधार मान्दा प्रति गोटा रु ३१५। को दरले १५०० बेर्नाको रु ४७२५००। बढी भुक्तानी भएको देखिन्छ । विरुवा खरिद प्रचलित दररेट नलिई बजार मूल्य भन्दा बढी परेको असुल हुनुपर्ने रु</td><td>४७२,५००</td></tr>
<tr><td>३५</td><td></td><td></td><td>रितपूर्वक भूक्तानीः<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविका कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च लेख्दा त्यस्तो खर्च पुष्टि हुने विल भरपाई प्रमाण संलग्न राखि दिनुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको भुक्तानी गर्दा आवश्यक प्रमाण संलग्न नगरेको, खर्च पुष्ट्याई गर्ने प्रमाण संलग्न नगरेको तथा खरिद ऐनको दफा ५ बमोजिम लागत अनुमान तयार गरी स्वीकृत गरेको नदेखिएकोले आवश्यक प्रमाण संलग्न गरी नियमित हुनेपर्ने रु
<table>
<tr><th>भौचरनं/मिति</th><th>विवरण</th><th>रकम</th><th>कैफीयत</th></tr>
<tr><td>४३-०७९।९।१३</td><td>मेलमिलापकर्ता तथा न्यायिक कर्मचारीलाई व्याग वितरण वापत रु ९७१८०। भूक्तानी</td><td>९७१८०</td><td>प्रयोजन खुलाई वितरण भरपाई</td></tr>
</table></td><td>२,५३१,१५३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>गरेकोमा प्रयोजना नखुलेको तथा वितरण भरपाई संलग्न नरहेको ।</td><td></td><td>संलग्न गरी नियमित हुनुपर्ने देखिएको</td></tr>
<tr><td>३३-०७९।९।४</td><td>न्यायिक समितका पदाधिकारी तथा मेलमिलाप कर्ताहरुको २ दिने अभिमुखिकरण कार्यक्रममा कार्यपत्र संलग्न गरी भुक्तानि भएको ।</td><td>६४००</td><td>कार्यपत्र संलग्न गरी नियमित गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने ।</td></tr>
<tr><td>५३-०७८।१०।२८</td><td>लागत अनुमान तथा नापी किताव वेगर पेन्टिङ खर्च भुक्तानी भएको ।</td><td>११५०००</td><td>लागत अनुमान तथा नापी किताव सहितको प्रमाण राखि नियमित हुनुपर्ने ।</td></tr>
<tr><td>६५-०७८।११।२</td><td>मालिकार्जुन सामुदायिक संस्थालाई कार्यदिश वेगर सूचना शुभकामना सन्देश प्रसारण गरेको भनि</td><td>१९२५००</td><td>परिमाण समय तथा इकाई दर उल्लेख</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | परिमाण, समय, इकाइ दर तथा कायदिश वेगर भुक्तानी भएको । | | गरी नियमित हुनुपर्ने । |
| १३-०७८।११।२ | लागत स्वीकृत नगराई खर्च लेखेको । | १२५३५० | नियमित हुनुपर्ने |
| ३३-०७९।३।२४ | लागत अनुमान तथा लागत स्वीकृत नगराई खर्च गरेको | ३७३६०५ | लागत अनुमान तथा खर्च स्वीकृत विवरण सहितको प्रमाण राखि नियमित हुनुपर्ने । |
| ६-०७९।३।१६ स्वास्थ्य | वर्थिङ सेन्टर सुदृढीकरणको लागि खरिद सामान दाखिला नभएको । | १५०००० | दाखिला प्रमाण संलग्न गर्नुपर्ने |
| ११-०७९।३।२४ कृषि | लागत अनुमान तयार नगरी खर्च गरेको | २९६००० | लागत अनुमान तथा खर्च तेरिज तयार गरी |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td>नियमित गर्नुपर्ने</td></tr>
<tr><td>१२-०७९।३।२४ कृषि</td><td>लागत अनुमान तयार नगरी खर्च गरेको</td><td>४३७०००</td><td>लागत अनुमान तथा खर्च तेरिज तयार गरी नियमित गर्नुपर्ने</td></tr>
<tr><td>१४-०७९।३।२५</td><td>लागत अनुमान तयार नगरी खर्च गरेको</td><td>१४४५००</td><td>लागत अनुमान तथा खर्च तेरिज तयार गरी नियमित गर्नुपर्ने</td></tr>
<tr><td>१६७-०७९।३।१५</td><td>श्री हुपुल केदार मावि धंक र चौलानी पुस्तक भण्डार भएको भुक्तानी प्रमाणित गर्ने कागजात संलग्न नरहेको ।</td><td>५९३६१८</td><td>कागजात संलग्न गरी नियमित गर्नुपर्ने देखिएको</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२५३११५३</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजागरी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस वर्ष पालिकाले रु ३०४०७७४। खर्च लेखेकोमा काम भएको स्थान तथा प्राविधिक नापी सहित प्रमाण राखेको देखिएन । साथै कति संख्यामा कति जनाले कुन कार्य वापत रोजगार पाएको हो सो खुल्न सकेन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु पर्दछ । | |
| ३७ | | | **पालिका भित्र पदाधिकारीलाई भ्रमण भत्ता**<br><br>स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि (पहिलो संशोधन) ऐन, २०७६ दफा ३ अनुसुची १(क) बमोजिम पदाधिकारीलाई पालिका भित्र भ्रमण गर्दा भ्रमण भत्ता सम्वन्धि सेवा सुविधा पाउने व्यवस्था गरेको देखिएन तर पालिकाले निम्न पदाधिकारीलाई पालिका भित्र भ्रमण गर्दा भ्रमण भत्ता दिएको हुदा सम्वन्धित पदाधिकारीवाट असुल गर्नुपर्ने रु. | १८,४०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>सि.नं.</th><th>गो.भौ।मिति</th><th>पदाधिकारीको नाम थर</th><th>पद</th><th>भ्रमणको उद्देश्य</th><th>भ्रमण खर्च भुक्तानी</th></tr>
<tr><td>१</td><td>६३।२०७८।१०।२९</td><td>श्री धर्मानन्द सिंह मन्याल</td><td>गा.पा अध्यक्ष</td><td>योजना अनुगमन</td><td>३२००</td></tr>
<tr><td>२</td><td>६३।२०७८।१०।२९</td><td>श्री उर्मिला वोहरा</td><td>गा.पा उपाध्यक्ष</td><td>योजना अनुगमन</td><td>३२००</td></tr>
<tr><td>३</td><td>६३।२०७८।१०।२९</td><td>श्री रविन्द्र सिंह वोहरा</td><td>वडा अध्यक्ष</td><td>अनुगमन</td><td>१२००</td></tr>
<tr><td>४</td><td>६३।२०७८।१०।२९</td><td>श्री नाम्टा ठेकरे</td><td>वडा सदस्य</td><td>अनुगमन</td><td>१२००</td></tr>
<tr><td>५</td><td>६३।२०७८।१०।२९</td><td>श्री समुन्द्र सिंह कार्की</td><td>वडा अध्यक्ष</td><td>अनुगमन</td><td>२४००</td></tr>
<tr><td>६</td><td>६३।२०७८।१०।२९</td><td>श्री शान्ती धामी</td><td>कार्यालिका सदस्य</td><td>अनुगमन</td><td>२४००</td></tr>
<tr><td>७</td><td>६३।२०७८।१०।२९</td><td>श्री गाम सिंह धामी</td><td>वडा अध्यक्ष</td><td>अनुगमन</td><td>२४००</td></tr>
<tr><td>८</td><td>६३।२०७८।१०।२९</td><td>श्री राजेन्द्र सिंह धामी</td><td>वडा सदस्य</td><td>अनुगमन</td><td>२४००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **जम्मा** — १८४०० | |
| ३८ | | | **अनुदानको अनुगमन**<br><br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद गरी विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेख्ने गरेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३९ | | | **जलविद्युत्तमा लगानीः**<br><br>लागत अनुमान रु २२५१८४७। तयार गरी गाउँपालिकाले रु २० लाख व्यहोर्ने तथा जनश्रमदान रु ३३१८४७। गर्ने गरी सम्झौता गरेको छ । साविक गाविस हुदै देखि सुरुवात भएको र समपन्न गर्नुपर्ने अनिवार्य भएका कारण पालिकाले बजेट तर्जुमा गरी भुक्तानी दिएको जनाएको छ । पालिकाले सो जलविद्युतलाई विगतमा पनि सहयोग गरेको मौखिक जानकारी भएपनि कति हो भन्ने अभिलेख राखेको देखिएन । यस्ता कार्यमा गरेको ठूलो लगानी पालिकाले ऋृण सहयोग वा शेयर स्वामित्व कायम गरी विवरण राख्नु पर्नेमा सो गरेको देखिएन । गाउँपालिकाले यस्ता कार्यमा गरेको कुल लगानी एकिन गरी शेयर स्वामित्व प्राप्त गर्नुपर्ने वा लगानीको अभिलेख राख्नुपर्दछ । साथै राष्ट्रिय प्रसारणको लाइनलाई सहयोग पुग्ने संरचनात्मक सुधार वाहेक अन्यमा लगानी गर्ने कार्यको लागत बढी पर्ने हुदा यस तर्फ सोच्नुपर्दछ । | |
| ४० | | | **अनुगमन प्रतिवेदनः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विशेष अनुदान सम्बन्धी कार्यविधि २०७५ को बुँदा नं ११ मा विशेष अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले नियमित अनुगमन गर्नु पर्ने र सोको अनुगम प्रतिवेदन तथा चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयग मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ ।त्यसैगरी समपुरक अनुदानबाट संचालित योजनाहरुको नियमित अनुगमन गर्न सम्बन्धित योजना प्रभावित क्षेत्रको निर्वाचित प्रदेश सभा सदस्यको अध्यक्षतामा गठित अनुगमन समितिले अनुगमन प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश सरकार समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाबाट निम्नानुसार विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालित निम्नानुसार योजनाहरुको कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन ।अनुदानबाट संचालित योजनाको नियमित अनुगमन गर्नु पर्दछ । | |
| ४१ | | | **संघीय समपुरक कोष**<br><br>संघ समपूरक अनुदानतर्फ स्थानीय तह र संघीय सरकारको ५०।५० प्रतिशत लागत साझेदारी रहने गरी स्थानीय प्रथामिकता प्राप्त योजना संचालन गर्दा कुल लागत अनुमान भन्दा घटीमा ठेक्का व्यवस्थापन भएको अवस्थामा ठेक्का सम्झौता भएको ५० प्रतिशत रकम मात्र संघीय सरकारको लगानी हुने र संघीय सरकारबाट उपलब्ध गराइएको रकममा कबोल अंकको ५० प्रतिशत घटाउँदा बचत हुने रकम संघिय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने उल्लेख छ । जसअनुसार यस स्थानीय तहले ठेक्का बन्दोबस्त गरेको विभिन्न् कार्यको लागि समपुरक अनुदान प्राप्त भएकोमा सम्पन्न भएको कार्यको लागी सो कोषबाट ५० प्रतिशतले हुने रकम बाँकी रहेको हुदाँ उक्त बाँकी रकम संघीय सञ्चित कोषमा दाखिला नगरी अन्य थप निर्माण कार्य गराएको देखिन्छ। तसर्थ समपूरक कोषको शर्तको पालना नभएकोले स्थानीय तहले सोको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ४२ | | | **बढी कार्यको भुक्तानी** | ७०५,५०५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निर्माण मापदण्ड अनुसार गर्नुपर्ने जम्मा कार्य परिमाणबाट गर्न नपर्ने कामको परिमाण घटाई बाँकी कार्य परिमाणको मात्र भुक्तानी दिनुपर्दछ । तर कार्यालयले नापी गरिएको कार्यबाट घटाउनुपर्ने कार्य रु ७०५५०५। नघटाई बढी भुक्तानी दिएको देखिन्छ । तसर्थ निम्नानुसार बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु | |

| कार्यको विवरण | घटाउनुपर्ने कार्य परिमाण | दर | रकम |
|---|---|---|---|
| महादेव मा. वि. भवन निर्माण | | | |
| Excavation Work | ४१।५८ | २४० | ९९८०। |
| Boulder Soiling | ८।८५ | २००० | १७७००। |
| P:C:C Work | ४।२४ | ६००० | २५४४०। |
| P:C:C Work for R:C:C | १०।८७ | १०००० | १०८७००। |
| StoneMasonary Work | ५।५४ | ४००० | २२१६०। |
| धंक वडा कार्यालय निर्माण वडा नं ६ | | | |
| P:C:C Work for R:C:C | ५।२३ | १४०००। | ७३२२०। |
| StoneMasonary Work | १०।७ | ७०००। | ७४९००। |
| Form Works | १०।७० | ४।७५ | ५१। |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td colspan="4">प्रशासनिक भवन निर्माण</td></tr>
<tr><td>Form Works</td><td>१८४।०२</td><td>८००।</td><td>१४७२१२।</td></tr>
<tr><td colspan="4">बाल विकास भवन निर्माण वडा नं ३</td></tr>
<tr><td>StoneMasonary Work</td><td>४।१३</td><td>२०५४२।१७</td><td>८४८४०।</td></tr>
<tr><td colspan="4">बाल विकास भवन निर्माण वडा नं १</td></tr>
<tr><td>StoneMasonary Work</td><td>५।२५</td><td>२३१४७।७८</td><td>१२१५२६</td></tr>
<tr><td colspan="4">स्वास्थ्य चौकी भवन निर्माण वडा नं २</td></tr>
<tr><td>Form Work</td><td>२४।७२</td><td>८००।</td><td>१९७७६।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७०५५०५।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>नापी किताब तथा नापी किताब नियन्त्रण खाता<br><br>कार्यालयले ठेक्का वा अमानत वा अन्य प्रकृयाबाट के कति काम सम्पन्न भयो र के कति काम हुन बाँकी छ सोको व्यहोरा सम्बन्धित प्राविधिकबाट नापी गरी प्रमाणित गराई म.ले.प.फा.नं. ५०३ बमोजिमको नापी किताबमा अभिलेख राखी सम्पत्ति भौतिक रुपमा नष्ट नभएसम्म सुरक्षित राख्नुपर्दछ । यो किताब लुज सिटमा नराखी सुरुमा नापी नं. प्रत्येक आर्थिक वर्षका लागि क्रम सङ्ख्या नं. १ बाट सुरु गरी सिलसिलेबार रूपमा राख्नपर्दछ । नापी किताबको मुल अभिलेख राख्न नापी किताब नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) प्रयोग गर्नुपर्दछ । नापी किताब मुद्रित हुना साथ यस खातामा दर्ता गरी सम्बन्धित प्राविधिकलाई नापी किताब दिदाँ यस अभिलेख खातामा चढाएरमात्र दिने गर्नुपर्दछ । कार्यालयले तोकिएको प्रक्रिया पुर्याइ नापी किताब तयार तथा नापी किताब नियन्त्रण</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | खाता राखेको छैन । यसकारण यस कार्यालयबाट अघिल्ला वर्ष तथा यस बर्ष गरी कति सार्वजनिक निर्माण भएको हो यकिन हुन सक्ने देखिएन । यसले गर्दा गतविगतमा भई सकेको कार्य पुनः दोहोरिएको हुन सक्ने सम्भावना धेरै देखिन्छ । तसर्थ कार्यालयले लेखा निर्देशिका २०७३ को पालना गरी सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्धनका लागि महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत म.ले.प.फारमहरु प्रयोग गरी अभिलेख राख्नुपर्दछ । | |
| ४४ | | | **स्वीकृत लागत तथा डिजाइनभन्दा फरक कार्य**<br><br>१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ अनुसार खरिद सम्झौता गर्दाका बखत पुर्वानुमान गर्न नसकिने परिस्थिति कार्यान्वयनको क्रममा श्रृजना भएमा ड्रईङ डिजाईन तथा स्पेशिफिकेसन आदि बदल्नु पर्ने नपर्ने वा बद्ल्नु पर्ने भएमा निर्माण कार्यको आधारभुत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा भेरिएसनको परिमाण खुलाई भेरिएसन गर्न सकिने तथा सार्वजनिक खरिद ऐनको दफा ५क(२) मा विशेष कारण परी संशोधन गर्नु परेमा बाहेक एक पटक स्वीकृत भएको डिजाईन वा लागत अनुमानमा संशोधन गर्नुपर्दा त्रुटीपूर्ण डिजाईन गरेको वा अस्वाभाविक लागत अनुमान तयार, जाचँ वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानुन बमोजिम कारवाही भागिदार हुने उल्लेख छ।<br>कार्यालयले ड्रोइङ्गमा फुटिङको कार्य Rectangular मा बनाउनुपर्नेमा Grillage मा बनाएको तथा ड्रोइङ्गमा Foundation Tie Beam र Plinth Tie Beam गरी २ वटा Tie Beam दिनुपर्नेमा १ वटा Plinth Tie Beam मात्र दिएको, Column को साईज ड्रङ्ग भन्दा फरक बनाएको देखिन्छ। तसर्थ कार्यालयले Footing तथा Column जस्तो महत्वपूर्ण कार्य ड्रोइङ्गमा भएको भन्दा फरक गर्नुको कारण र औचित्यसहित भेरिएसेन आदेश स्वीकृत वेगर कार्य गर्ने र गराउने जिम्मेवार व्यक्तिलाई उत्तरदायी बनाउनेतर्फ बनाउनुपर्दछ। | ५३५,२५३ |

| ड्रोइङ्ग अनुसार गर्नुपर्ने कार्य | योजना स्थलमा गरेको काम | योजनाको नाम |
| --- | --- | --- |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>Footing को कार्य Rectangular मा बनाउनुपर्ने</td><td>Footing को कार्य Grillage मा बनाएको</td><td>महादेव मा वि भवन निर्माण</td></tr>
<tr><td>Column (12*12) को बनाउनुपर्ने</td><td>Column (12*16) को बनाएको</td><td>वडा नं ६ को भवन निर्माण</td></tr>
<tr><td>Column कोFooting ExcavationF1 (1.7*1.7),F2(2*2),F3(2.2*2.2) र F4 (2.4*2.4) गरी फरक फरक गरेको</td><td>सबै Column (16*16) को एउटै Size को बनाएको</td><td>प्रशासकिय भवन निर्माण</td></tr>
</table>
२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ अनुसार खरिद सम्झौता गर्दाका बखत पुर्वानुमान गर्न नसकिने परिस्थिति कार्यान्वयनको क्रममा श्रृजना भएमा ड्रईङ डिजाईन तथा स्पेशिफिकेसन आदि बदल्नु पर्ने नपर्ने वा बद्ल्नु पर्ने भएमा निर्माण कार्यको आधारभुत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा भेरिएसनको परिमाण खुलाई भेरिएसन गर्न सकिने तथा सार्वजनिक खरिद ऐनको दफा ५क(२) मा विशेष कारण परी संशोधन गर्नु परेमा बाहेक एक पटक स्वीकृत भएको डिजाईन वा लागत अनुमानमा संशोधन गर्नुपर्दा त्रुटीपूर्ण डिजाईन गरेको वा अस्वाभाविक लागत अनुमान तयार, जाचँ वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानुन बमोजिम कारवाही भागिदार हुने उल्लेख छ। कार्यालयले ड्रईङ डिजाईन तथा स्पेशिफिकेसन आदि बदली लागत अनुमान भएको कार्य भन्दा फरक गर्नुको कारण र औचित्यसहित भेरिएसन आदेश स्वीकृत भएको प्रमाण पेश गर्नुपर्ने रु
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th rowspan="2">कार्यको विवरण</th><th colspan="3">शुरुको लागत अनुमानमा</th></tr>
<tr><th>बढेको कार्य</th><th>घटेको कार्य</th><th>खुद कार्य</th></tr>
<tr><td>सिद्ध मकरीकोट भ्यू टावर निर्माण सिडि बाटो सहित</td><td>१०५५४५२।</td><td>(११७२९०२)</td><td>(११७४५०)</td></tr>
<tr><td>मकरीगाड देखि मकरीकोट पर्यटकीय पदमार्ग निर्माण</td><td>१२३७५५</td><td>(५४१५५८)</td><td>(४१७८०३)</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५३५२५३।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>निर्माण कार्यको बीमा<br><br>१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको, ठेक्काद्वारा गरिने निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावी नभएको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन। निर्माण कार्यको परिमाण सुचीमा गुणस्तर परीक्षणको रकम समावेश नभएको देखिन्छ। गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ। निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ।</td><td>१००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
२ सार्वजनिक खरिद नियमावलीको नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक दश लाख रुपैंयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमका तोकिएको कुराको बीमा गराउनुपर्ने उल्लेख छ । साथै बि.ओ.क्यु. मा विमाको आइटम उल्लेख गरेको छ । तर निम्न निर्माण व्यवसायीले तोकिए अनुसारको बीमा गराएको देखिएन । तसर्थ कार्यालयले वीमा गराई रनिङ बील भुक्तानी दिने र संभावित जोखिम कम हुने गरी अविलम्ब बीमा गराउनुपर्दछ ।
<table>
<tr><th>निर्माण व्यवसायीको नाम</th><th>कार्यको विवरण</th></tr>
<tr><td>श्री कार्टर कन्स्ट्रक्सन प्रा.लि.</td><td>वडा नं. २ कार्यालयको भवननिर्माण</td></tr>
<tr><td>श्री कार्टर कन्स्ट्रक्सन प्रा.लि.</td><td>महादेव मा वि भवन निर्माण वडा नं २</td></tr>
<tr><td>श्री स्वार।एसोसिएट।रन्जितकार</td><td>१० शैया आधारभुत अस्पताल</td></tr>
<tr><td>एम एस रविना।प्रसम्सा।एल बि एण्ड ए बि जे भी</td><td>प्रशासनिक भवन निर्माण</td></tr>
</table>
३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९(५) अनुसार कार्यालयले स्वीकृत बजेट खर्च गर्दा खर्चको विल भरपाई एवं खर्चको प्रष्ट्याई प्रमाण सबै संलग्न गरी खर्च लेख्नुपर्दछ । तर कार्यालयले धंक वडा नं ६ को कार्यालय निर्माण कार्यअन्तगर्त गो भौ नं ८६।३।२५ बाट र खण्डेश्वरी वडा नं ४ को कार्यालय निर्माण कार्यको निर्माण व्यवसायीलाई अन्तिम बील भुक्तानी दिदाँ नगरेको बीमासमेतको रकम वापत रु ५००००। का दरले रु १०००००। भुक्तानी दिएकोले नगरेको बीमा वापतको भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **मोबिलाइजेशन पेश्की र जरिवाना**<br><br>१ सार्वजनिक खरिद ऐनको दफा ५२(६) मा लिएको पेस्की सम्बन्धित काममा प्रयोग भएको नपाइएमा उपदफा (१) बमोजिम लिएको पेस्की अग्रिम बैंक जमानत जफत गरी लिनुपर्ने तथा सार्वजनिक खरिद नियमावलीको नियम ११३(६) मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लेखित समयावधिभित्र नगरेको कारणले यस नियम बमोजिमको पेस्की फछ्यौंट हुन नसकेमा सार्वजनिक निकायले उपनियम (३) बमोजिमको बैङ्क जमानतको रकम सम्बन्धित बैङ्कबाट प्राप्त गरी पेस्की फछ्यौंट गर्नुपर्ने र निजबाट त्यस्तो पेस्की रकमको सयकडा १० प्रतिशत व्याज समेत असुल गर्नुपर्ने उल्लेख छ। तर श्री कार्टर कन्स्ट्रक्सन प्रा.ली. ले खरिद सम्झौता बमोजिमको घुसा वडा नं २ कार्यालय निर्माण ०७९ बैशाखभित्र सम्पन्न गर्नुपर्नेमा सो नगरे र पेश्की जमानतको म्याद मिति २०७८।१२।२१ मा सकिसकेको देखिन्छ । कार्यालयले कानुनमा भएको व्यवस्था बमोजिम २०७८।१२।१५ भित्र जमानतबाट पेश्की फछ्यौंट गर्नुपर्नुमा सो गरेको देखिएन । तसर्थ पेश्की जमानत म्याद सक्दा समेत पेश्की फछ्यौंट नगरेकाले फछ्यौंट गर्न बाँकि रहेको पेस्की रु २८००००। असुल गर्नुपर्ने रु.<br><br>२ सार्वजनकि खरदि ऐनको दफा ५२ (क) को (६) मा लिएको पेस्की सम्बन्धित काममा प्रयोग भएको नपाइएमा उपदफा (१) बमोजिम लिएको पेस्की अग्रिम बैङ्क जमानत जफत गरी लिनुपर्ने, उपदफा (४) मा निर्माण व्यवसायीले उपदफा (२) बमोजिम पहिलो पटक पेस्की प्राप्त गरेको मितिले तीस दिनभित्र कार्य प्रारम्भ गरिसक्नु पर्नेछ र सार्वजनिक खरिद नियमावलीको नियम ११३ (६) मा नियमानुसार नगरेमा निजबाट त्यस्तो पेस्की रकमको सयकडा १० प्रतिशत व्याज समेत असुल गर्नुपर्ने उल्लेख छ। निर्माण व्यवसायी श्री स्वार।एसोसिएट।रन्जितकार ले १० शैया आधारभुत अस्पताल निर्माण गर्न रु ८००००००। पेस्की लिएको १५ (सम्झौता अवधीको २ तिहाई) महिना वितिसकेकोमा हाल सम्म कार्य भएको कुनै रनिङ बील पेश नभएको र पेश्की रकम अन्यत्र प्रयोग भएको छ । तसर्थ पालिकाले निर्माण व्यवसायीलाई दिएको पेश्की रकम कार्यमा प्रयोग नगरेकोले नियमको परिपालना गर्नुपर्दछ । | २८०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | **कार्य नगरी भुक्तानी**<br><br>प्रशासनिक भवन निर्माणको पहिलो रनिङ बिल भुक्तानी गर्दा Brick Work नै नभएको ठाउँमा एम एस रविना।प्रसम्सा।एल बि एण्ड ए बि जे भी लाई Lintel Band र Sill Band को कार्य भएको भनी ४.६९३ घन मिटर कार्यको प्रति घन मिटर रु ३५०००। का दरले रु १६४२५५। भुक्तानी दिएको देखिन्छ । यसरी हुदै नभएको कार्यको भुक्तानी दिएको रकम असुलउपर गर्नुपर्ने रु | १६४,२५५ |
| ४८ | | | **कार्यसम्पादन जमानत रकम र म्याद**<br><br>सार्वजनिक खरिद नियमावलीको नियम ११०(४) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक उपनियम (१) बमोजिमको कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटी सच्चाउने दायित्व (डिफेक्ट लायबिलिटिज)को अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ। तर कार्यालयले निम्न निर्माणव्यवसायीहरुले समयमा कार्य सम्पन्न नगरेकोले कार्यसम्पादन जमानत अवधि बढाउनुपर्ने भएकोमा कार्यसम्पादन जमानतको म्याद बढाएको पाइएन। तसर्थ, कार्यालयले कानुनमा भएको व्यवस्था बमोजिम कार्यसम्पादन जमानत देहाय अनुसार रु १२६६५५००। को म्याद थप भएको प्रमाण पेश गर्नुपर्दछ ।<br><br>**आपुर्तिकर्ताको नाम** \| **कार्यसम्पादन जमानत रकम** \| **कैफियत**<br>वडा नं. २ कार्यालयको भवननिर्माण \| ६९००००। \| निर्माण व्यसायीले सम्झौताअनुसार ०७९ बैशाखभित्र कार्यसम्पन्न गरिसक्नुपर्नेमा हालसम्म कुनै रनिङ बील प्राप्त नभएकोले म्याद बढाउनुपर्ने भएकोले | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>महादेव मा वि भवननिर्माण</td><td>१२५००००।</td><td>समयमा कार्यसम्पन्न हुने नदेखिएकोले</td></tr>
<tr><td>श्री स्वार।एसोसिएट।रन्जितकार</td><td>५८३८५००।</td><td>समयमा कार्यसम्पन्न हुने नदेखिएकोले</td></tr>
<tr><td>श्री एम एस रविना।प्रसम्सा।एल बि एण्ड ए बि जे भी</td><td>४२०००००।</td><td>डि एल पि अवधिको जमानत नगरेको तथा समयमा कार्यसम्पन्न हुने नदेखिएकोले</td></tr>
<tr><td>श्री गौरी कैलाश तालाबन्द निर्माण सेवा एण्ड सप्लायर्स</td><td>६८७०००।</td><td>डि एल पि अवधिको जमानत नगरेको</td></tr>
<tr><td>जम्मा</td><td>१२६६५५००।</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>
एज बिल्ट नक्सा<br><br>
कार्यालयको स्वीकृत बोलपत्र फारमको एस.सि.सि.को जि.सि.सि. मा कार्यसम्पन्न भएको ३० दिनभित्र एज बिल्ट नक्सा पेश गर्नुपर्ने उल्लेख छ। तर निम्न निर्माण व्यवसायीहरुले कार्यसम्पन्न भएको ३० दिन समय व्यतित हुँदा समेत एज बिल्ट नक्सा पेश नगरेको कार्यालयले एज बिल्ट नक्सा पेश नभई अन्तिम बील भुक्तानी भएकोले सम्झौता बमोजिम एज विल्ट नक्सा पेश गर्नुपर्ने रु
<table>
<tr><th>निर्माण व्यवसायीको नाम</th><th>रकम</th><th>कैफियत</th></tr>
</table>
</td><td>१२५,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>स्वास्थ्य चौकी भवन वडा नं</td><td>२५०००।</td><td>सम्झौतामा उल्लेख</td></tr>
<tr><td>मकरीघाट देखि मकरीकोट पर्यटकीय पदमार्ग निर्माण</td><td>२५०००।</td><td>सम्झौतामा उल्लेख</td></tr>
<tr><td>सिध्द मकरीकोट भ्यु टावर निर्माण सिडि बाटो सहित</td><td>२५०००।</td><td>सम्झौतामा उल्लेख</td></tr>
<tr><td>धंक वडा कार्यालय भवन निर्माण</td><td>२५०००।</td><td>सम्झौतामा उल्लेख</td></tr>
<tr><td>खण्डेश्वरी वडा कार्यालय भवननिर्माण</td><td>२५०००।</td><td>सम्झौतामा उल्लेख</td></tr>
<tr><td>जम्मा</td><td>१२५०००।</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>निर्माण कार्य भत्केको र दायित्व भुक्तानी अवधी<br><br>कार्यालय सिद्ध मकरीकोट भ्यू टावर निर्माण सिडि बाटो सहित निर्माण कार्य रु २९३२१०९। मिति २०७८।११।१० कार्यसम्पन्न भएको र मकरीगाड देखि मकरीकोट पर्यटकीय पदमार्ग निर्माण कार्य रु ४५६६१४४। मिति २०७८।९।५ सम्पन्न भएकोमा जम्मा रु ७४९८२५३। निर्माण कार्य सम्पन्न भएको ६ महिना नवितिदै विभिन्न ठाउँमा सिडिहरु भत्केको तथा क्षति भएको स्थलगत निरीक्षणबाट देखिएको छ । तसर्थ कार्यालयले Defect Liability Period बाँकि रहेकोले भत्केको कार्य अविलम्ब धरौटीबाट कार्य गराउनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **पुर्व निर्धारित क्षतिपूर्ति र कानुनी प्रक्रिया**<br><br>१ सार्वजनिक खरिद ऐनको दफा ५६ तथा नियम १२० मा खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा २१ दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु पर्ने र निवेदन प्राप्त भएपछि सम्बन्धित अधिकार प्राप्त अधिकारीले सम्बन्धित निर्माण व्यवसायीलाई यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि शुरु सम्झौताको पचास प्रतिशतभन्दा बढी हुने नगरी म्याद थप गर्न सक्ने र नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको ०.०५% पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने र पूर्व निर्धारित क्षतिपूर्ति तिर्दैमा सम्बन्धित निर्माण व्यवसायी खरिद सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने दायित्वबाट मुक्त हुन नसक्ने उल्लेख छ। कार्यालयसँग महादेव मा वि भवन निर्माण गर्न मिति २०७८।७।०४ मा भएको सम्झौताबमोजिम श्री कार्टर कन्स्ट्रक्सन प्रा. लि. ले २०७९ जेष्ठ मसान्तभित्र कार्यसम्पन्न गनुपर्नेमा हालसम्म पनि कार्य सम्पन्न गरेको देखिदैन। नियममा भएको व्यवस्थाबमोजिम म्याद थपको निवेदन तथा म्याद थप भएको देखिदैन। तसर्थ, कार्यालयले कार्यसम्पन्न छिटो सम्पन्न गराउनेतर्फ ध्यान दिनुको साथै समझौता बमोजिम समयमा कार्यसम्पन्न नगरेकोले निर्माण व्यवसायीबाट २०७९।३।१ गतेदेखि २०७९।५।३० सम्मको गुज्रेको म्याद ९० दिनको नियमानुसार रु ५८,७५,५६४।- को प्रति दिनको ०.०५% का दरले रु. २,६४,४००। असुल गर्नुपर्ने रु.<br><br>२ सार्वजनिक खरिद ऐनको दफा ५६ तथा नियम १२० मा खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा २१ दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु पर्ने र निवेदन प्राप्त भएपछि सम्बन्धित अधिकार प्राप्त अधिकारीले सम्बन्धित निर्माण व्यवसायीलाई यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि शुरु सम्झौताको पचास प्रतिशतभन्दा बढी हुने नगरी म्याद थप गर्न सक्ने र नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन | ४३८,१९० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको ०.०५% पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने र पूर्व निर्धारित क्षतिपूर्ति तिर्दैमा सम्बन्धित निर्माण व्यवसायी खरिद सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने दायित्वबाट मुक्त हुन नसक्ने उल्लेख छ। कार्यालयसँग वडा नं २ को कार्यालय भवन निर्माण गर्न मिति २०७८।७।०४ मा भएको सम्झौताबमोजिम श्री कार्टर कन्स्ट्रक्सन प्रा. लि. ले २०७९ बैशाख मसान्तभित्र कार्यसम्पन्न गनुपर्नेमा हालसम्म पनि कार्य सम्पन्न गरेको देखिदैन। नियममा भएको व्यवस्थाबमोजिम म्याद थपको निवेदन तथा म्याद थप भएको देखिदैन। तसर्थ, कार्यालयले कार्यसम्पन्न छिटो सम्पन्न गराउनेतर्फ ध्यान दिनुको साथै समझौता बमोजिम समयमा कार्यसम्पन्न नगरेकोले निर्माण व्यवसायीबाट २०७९।२।१ गतेदेखि २०७८।५।३० सम्मको गुज्रेको म्याद १२० दिनको नियमानुसार रु २८,९६,५०५।- को प्रति दिनको ०.०५% का दरले रु. १,७३,७९० असुल गर्नुपर्ने रु.<br><br>३ सार्वजनिक खरीद नियमावलीको नियम १२८ मा खरिद सम्झौतामा निर्माण व्यवसायीले खरिद सम्झौताको उल्लंघन गरेमा समयमा कार्यसम्पादन हुन नसके वापतको पूर्व निर्धारित क्षतिपूर्ति प्राप्त गर्ने, सम्झौताको अन्त्य गर्ने र सम्झौता बमोजिमको काम नगर्ने, निर्माण व्यवसायी,को खर्चमा त्यस्तो कार्य सम्पन्न गराउने, उल्लेख गर्नुपर्नेछ। साथै नियम १४१ मा सार्वजनिक निकायले ऐनको दफा ६३ बमोजिम कुनै निर्माण व्यवसायीलाई कालो सूचीमा राख्नु परेमा त्यस सम्बन्धी विस्तृत विवरण र कारण खुलाई सम्बद्ध कागजात सहित सार्वजनिक खरिद अनुगमन कार्यालयलाई लेखी पठाउनुपर्ने उल्लेख छ। तसर्थ, कार्यालयले हालसम्म कार्य नगरेका निर्माण व्यवसायीलाई नियममा भएको व्यवस्था बमोजिम कारवाही अगाडि बढाउनुपर्दछ। | |
| ५२ | | | **धुवाँ मुक्त अपि घोषणाः**<br><br>ठेक्का नं ०५-०७८।७९ः धुवाँमुक्त अपि घोषणा गर्ने कार्यक्रम अन्तर्गत एक घर एक सिलण्डर ग्याँस सहित चुल्हो वितरण कार्यक्रमको लागि रु. ७६६०००० । तयार गरी झंकार मल्टिपल कन्सर्न प्रा.लि. सँग रु ७४१८००० । मा सम्झौता भएको देखियो। पालिकामा रहेका सवै घरपरिवारलाई पुग्ने गरी १३ सयबटा ग्यास र सोही परिमाणमा २ मुखे चुल्हो वडा सचिवको रोहवरमा वितरण गरेको छ । भौगोलिक विकटता तथा परिवारको | ३८,८०६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक अवस्था आंकलन नगरी वितरण गर्दा ग्याँस उपयोगको निरन्तरता हुन सक्छ वा सक्दैन सो आकलन भएको देखिदैन । एक पटक प्रयोग गरेर आर्थिक अभाव, भौगोलिक विकटता तथा यातायातको सहज पहुँच नहुदा उपभोग मूल्य बढ्न गई कार्यक्रमको उद्देश्य हासिल हुन सक्छ सक्दैन यस तर्फ पालिकाले ध्यान दिनुपर्दछ । साथै उक्त ठेक्कामा अप्रतिस्पर्धि आइटममा राखेको विमाको विजक रु. १७६९४। रहेकोमा रु ५६५००। भुक्तानी भएको देखिएकोले बढी भएको रु ३८८०६। असुल गर्नुपर्दछ । | |
| ५३ | | | **अध्यावधिक निर्माण कार्य तालिका**<br><br>स्वीकृत बोलपत्र फारमको एस.सि.सि.को जि.सि.सि. मा अध्यावधिक कार्यतालिका ३० दिनभित्र दिनुपर्ने अन्यथा निम्नानुसारको रकम भुक्तानीबाट कट्टी गर्नुपर्ने उल्लेख छ। कार्यालयले सोबमोजिम अद्यावधिक कार्यतालिका पेश नगरेकोले निम्नानुसारको रकम कट्टी नगरेकोले असुल गर्नुपर्ने रु | ३४५,००० |

| निर्माण व्यवसायीको नाम | रकम | कैफियत |
|---|---|---|
| श्री कार्टर कन्स्ट्रक्सन प्रा. लि. | १००००।- | वडा नं २ को भवन निर्माण |
| श्री कार्टर कन्स्ट्रक्सन प्रा. लि. | १००००। | महादेव मा वि भवन निर्माण |
| श्री स्वार।एसोसिएट।रन्जितकार | १०००००। | १० शैया आधारभुत अस्पताल |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | श्री अपी शैपाल मार्मा कन्स्ट्रक्सन | २५००० । | स्वास्थ्य चौकी भवन वडा नं २ | |
| | | | श्री महाकाल निर्माण सेवा एण्ड सप्लायर्स | २५००० । | मकरीघाट देखि मकरीकोट पर्यटकीय पदमार्ग निर्माण | |
| | | | श्री थ्री स्टार निर्माण सेवा | २५००० । | सिध्द मकरीकोट भ्यु टावर निर्माण सिडि बाटो सहित | |
| | | | श्री गौरी कैलाश तालाबन्द निर्माण सेवा एण्ड सप्लायर्स | २५००० । | धंक वडा कार्यालय भवन निर्माण | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>श्री हटिनाथ निर्माण सेवा</td><td>२५०००।</td><td>खण्डेश्वरी वडा कार्यालय भवन निर्माण</td></tr>
<tr><td>एम एस रविना।प्रसम्सा।एल बि एण्ड ए बि जे भी</td><td>१०००००।</td><td>प्रशासनिक भवन</td></tr>
<tr><td>जम्मा</td><td>३४५०००।</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>सम्झौता तथा बि.ओ.क्यु. भन्दा बढी कार्यको भुक्तानी<br><br>सार्वजनिक खरिद ऐनको दफा ५क(२) मा विशेष कारण परी संशोधन गर्नु परेमा बाहेक एक पटक स्वीकृत भएको डिजाईन वा लागत अनुमानमा संशोधन गर्नुपर्दा त्रुटीपूर्ण डिजाईन गरेको वा अस्वाभाविक लागत अनुमान तयार, जाचँ वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानुन बमोजिम कारवाही भागिदार हुने उल्लेख छ । साथै शुरु लागत अनुमानमा कुनै आइटमहरुमा परिवर्तन हुने भएमा अधिकार प्राप्त व्यक्ति/कार्यालयबाट लागत अनुमान संसोधन गरे पश्चात मात्र कार्य गराउनु पर्ने, यसरी लागत अनुमान संसोधन नगरी कार्य गरेको उपभोक्ता समिति नै जिम्मेवार हुने देखिन्छ। साथै सार्वजनिक लेखा समितिको निर्देशन र सडक विभागको परिपत्र अनुसार आइटम वाइज भेरिएसन वेगर भुक्तानी नगर्न निर्देशन दिएको अवस्थामा सम्झौता अनुसार उपभोक्ता समितिलाई अन्तिम भुक्तानीमा लागत अनुमान संसोधन तथा भेरियसन स्वीकृती वेगर तथा बि.ओ.क्यु.</td><td>५३,७६८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | परिमाणको सिमाभित्र रही भुक्तानी दिनुपर्नेमा निम्नानुसारको कार्यवापत रु. ५३७६८। भेरिएसन आदेश स्वीकृत नगरी खर्च लेखेको अनियमित देखिएको रु. | |

| कार्य विवरण | इकाई | दिनुपर्ने परिमाण | दिएको परिमाण | बढी परिमाण | इकाई दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| खतोली बालविकास केन्द्र भवन निर्माण | | | | | | |
| पि=सि=सि= कार्य | क्यु मि | १४।६९ | १५।१८ | ०।४९ | २१६६७ | १०५७४। |
| आरुखोड बालविकास केन्द्र भवन निर्माण | | | | | | |
| पि=सि=सि= कार्य | घन मिटर | ३।९८ | ४।६४ | ०।६६ | २८७२०।७० | १८९२७। |
| सिमेन्टको मसला लगाएर चिन्ने काम | घन मिटर | ३४।३८ | ३५।०४ | ०।६६ | १८७८३।७९ | १२३९७। |
| छाना छाउने काठ | घन मिटर | १८।७९ | १९।३७ | ०।५१ | २०२६५। | ११८७०। |
| जम्मा | ५३७६९। | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५५</td><td></td><td></td><td>पेश्की बाँकी<br><br>पेश्की बाकीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा सार्वजनिक निकायले कुनै प्रयोजनको लागि दिइएको पेश्की सो प्रयोजन सम्पन्न भएको मितिले २१ दिन भित्र फछ्र्यौंट भै सक्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कामको लागि पेश्कि दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म पेश्की फछ्र्यौंट हुन नसकी पेश्की बाकीको विवरण कायम गरेको छ । पेश्की बाकीको विवरण (म.ले.प.फा.नं.२११) अनुसार पेश्की बाकी देखिएको पेश्की फछ्र्यौंट हुनु पर्ने रु
<table>
<tr><th>क.स.</th><th>पेश्कीको विवरण</th><th>पेश्की लिनेको नाम</th><th>म्याद नाघेको</th><th>म्याद ननाघेको</th></tr>
<tr><td>१</td><td>वडा कार्यालय भवन निर्माण</td><td>क्रेटर कन्स्ट्रक्सन प्रा.लि.</td><td>140000</td><td></td></tr>
<tr><td>२</td><td>वडा कार्यालय भवन निर्माण</td><td>क्रेटर कन्स्ट्रक्सन प्रा.लि.</td><td>140000</td><td></td></tr>
<tr><td>३</td><td>विद्यालय निर्माण</td><td>छिपुल केदार मा.वि. धङ्क</td><td>3600000</td><td></td></tr>
<tr><td>४</td><td>विद्यालय निर्माण</td><td>श्री सुर्मा भवानीआ.वि. थुम्ती</td><td>1800000</td><td></td></tr>
<tr><td>५</td><td>विद्यालय निर्माण</td><td>श्री भवानी मा.वि. सौगन्ना</td><td>1800000</td><td></td></tr>
<tr><td>६</td><td>झोलुङ्गे पुल निर्माण</td><td>ककनाडी झोलुङ्गे पुल</td><td></td><td>850000</td></tr>
<tr><td>७</td><td>झोलुङ्गे पुल निर्माण</td><td>क्षेंत्ती झोलुङ्गे पुल उपभोक्ता समिति</td><td></td><td>830000</td></tr>
</table></td><td>७,४९६,५००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८</td><td>रैथाने बाली</td><td>कापोचुली क्षेत्तेली जिरा डालेचुक प्रशोधन</td><td>16500</td><td></td></tr>
<tr><td>९</td><td>पर्यटकिय पदमार्ग</td><td>धुलिखेलएल.बि.ए.बि.जे.भी.</td><td></td><td>4756363</td></tr>
<tr><td>१०</td><td>१० शैय्या अस्पताल</td><td>स्वार एसोसिएटरन्जितकार जे.भी. धनगढी</td><td></td><td>6600000</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>7496500</td><td>13036363</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>
सोझै खरिद<br><br>
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु ५ लाखदेखि रु २० लाखसम्मको खरिद कार्य सिलबन्दी दरभाउपत्र र सोभन्दा बढीको बोलपत्रबाट गर्नुपर्ने व्यवस्था छ । पालिकाले रु ५ लाख भन्दा कमको लागत अनुमान तयार नगरी ३ वटा कोटेशन लिई सोझै खरिद सम्झौता गर्ने गरेको देखियो । उस्तै प्रकृतिका कार्यहरुलाई एउटै प्याकेज बनाई प्रतिस्पर्धा सुनिश्चितता हुने गरी कार्य गर्न सकिनेमा सो अनुसार भएको नदेखिएको केही उदाहरणहरु निम्नानुसार छनः
<table>
<tr><td>भौचर नं./मिति</td><td>विवरण</td><td>फर्मको नाम</td><td>रकम</td></tr>
<tr><td>५८-०७८।११।१</td><td>स्टेशनरी समान</td><td>लटिनाथ स्टेशनरी सामानहरु</td><td>४८५८४४</td></tr>
<tr><td>१०-०७८।६।१८</td><td>स्टेशनरी समान</td><td>लटिनाथ स्टेशनरी सामानहरु</td><td>४९९४६१</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८५-<br>०७८।१२।२५</td><td>कार्यालय सामानहरु</td><td>शुभलक्ष्मी इन्टरप्राइजेज एण्ड सप्लायर्स</td><td>४८९७८२</td></tr>
<tr><td>१३६-<br>०७९।३।१२</td><td>स्टेशनरी समान</td><td>लटिनाथ स्टेशनरी सामानहरु</td><td>४९१८२६</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१९६६९१३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>नेटवर्किङ खर्च<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । गाउँ कार्यपालिका तथा वडा कार्यालयमा नेटवर्किङ गर्ने कार्यको लागि लागत अनुमान रु ९३७९००। तयार गरी शिलवन्दी दरभाउपत्रबाट २ वटा फर्म मध्ये १.४८ प्रतिशत न्यून कबोल गर्नेसँग रु ९२४०००।मा सम्झौता गरी खरिद गरेको देखियो । नेपाल टेलिकमबाट ५ एमविपिएस लोकल ब्याण्डविथ १ः८ रेसियो मा चल्ने गरी उक्त नेटवर्किङ कार्य गरेको जनाएको छ । लेखापरीक्षणको समयमा उक्त नेटवर्किङको वारेमा सोधनी हुदा हाल संचालनमा नरहेको जानकारि प्राप्त भएको र नेपाल टेलिकमले आषाढ पछि नयाँ सफ्टवेयर इन्ष्टल गरि लोकल व्याण्डविथ १ः४ रेसियो बनाएको कारण नचलेको प्राविधिकको भनाई रहेको छ । यसबाट उक्त नेटवर्किङ कार्यले छोटो समय मात्र काम गरेको देखिन्छ । आगामी दिनमा काम गर्नसक्ने वा नसक्ने केही जानकारी नरहेको पनि देखियो । लागत अनुमान रु ९३७९००। तयार गर्दा कुनै पनि रिफरेन्स नलिई तथा बजारबाट दररेट माग नगरी एकमुष्ट तयार गरेको छ । साथै उक्त नेटवर्किङको वारेन्टि सम्झौतामा उल्लेख गरेको पनि देखिएन । लागत अनुमान तयार गर्दा पर्याप्त आधार नलिएको, सम्झौतामा वारेन्टी उल्लेख नगरेको तथा खरिद गरेको सामानले हाल कार्य नगरेको देखिएकोले वारेन्टि प्राप्त गरी संचलान योग्ग बनाउनु पर्ने देखिन्छ । खरिद कानून बमोजिम लागत अनुमान तयार नगरेकोले उपयुक्त गुणस्तरमा सामान प्राप्त गरेको छ भन्न सक्ने अवस्था देखिएन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **उपभोक्ता समितिको छनौट, योजना हस्तान्तरण तथा मर्मत कोष निर्माण**<br><br>१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा लाभग्राही समुदायबाट गराउन सक्ने र कामको लागि र सेवाको प्रकृति, परिमाण, लाग्ने आर्थिक स्रोत लाभग्राही समुदायको व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ। तर पालिकाले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौता बाहेक पूर्वका सो प्रकृया पालना गरेको देखिएन। यसबाट विकास निर्माण कार्यमा उपभोक्ता छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन। निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा लाभग्राही समुह छनौट गर्दा नियमको पालना गरी पारदर्शी र अधिक सहभागितात्मक तवरले गरिनु पर्दछ।<br><br>२ सार्वजनिक खरिद नियमावली को नियम (१२) उपनियम (११) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपभोक्ता समिति मार्फत हालसम्म गरिएको कुनै आयोजनाको स्वामित्व सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन। जुन चाहि दिगो विकास तथा जनसहभागिताको मर्म विपरीत हुनुको साथै, निर्मित आयोजनाको रेखदेख तथा मर्मतमा अन्यौलता सिर्जना गरेको देखिन्छ। तसर्थ, कार्यालयले सम्झौताको समयमा नै उक्त कानुनी व्यवस्थाको बारे उपभोक्तासँग अन्तरक्रिया गरी वास्तविक लाभग्राहीलाई मात्र आयोजना संचालन गर्न दिनुपर्दछ। जसबाट उपभोक्ताबाट हुने कार्यमा निर्माण व्यवसायीको संलग्नता कम हुन जान्छ।<br><br>३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ। तर सम्पन्न आयोजना मर्मत सम्भारका लागि कुनै उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन। अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ। | |
| ५९ | | | **संघीय संचित कोषमा दाखिला गर्नुपर्ने**<br><br>✂ .......... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२ ।२४ को निर्णयबाट रु. २५५९१।- सम्परीक्षण गरिएको ।)* | ० |
| ६० | | | **सामाजिक सुरक्षा**<br><br>सामाजिक सुरक्षाः सफ्टवेयर प्रणालीः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम केन्द्रीकृत सुचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि सिस्टमले काम नगरेको कारणले एक चौमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको समेत पुनः अर्को चौमासिकमा दोहारिएर आउने लगायत समस्या देखिएको छ। केन्द्रीकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउनुपर्ने देखिन्छ। लाभग्राहीको विवरण प्रविष्टि गर्नेः<br><br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिहहेका लाभग्राहीले चालु वर्षमा समाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहेमा नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्र अशक्त, असहाय वा नब्बे वर्ष माथिका जेष्ठ नारिकको हकमा नियमावलीको नियम ५ को उपनियम (२) बमोजिम संरक्षक वा माथवर व्यक्ति मार्फत वाहेकका नवीकरणको लागि लाभग्राही स्वयम् उपस्थित भई निवेदन गरेकोमा वडा समितिबाट नवीकरण भई आए पश्चात प्रणाली (MIS) मा प्रविष्टि गरी नवीकरण गर्नुपर्ने व्यवस्था छ। यसरी म्याद भित्र नवीकरण नभएका लाभग्राहीको लगत कट्टा गरी निजले पुनः लाभग्राहीमा सूचिकृत | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | हुन चाहेमा ऐनको दफा १२ बमोजिम निवेदन दिई सेवा लिन सक्ने व्यवस्था गरेको छ। यसरी लाभग्राहीको नाम प्रणालीमा अद्यावधिक नगरी भत्ता वितरण भएमा उक्त रकम भुक्तानी खर्च लेख्ने अधिकारी र लेखा राख्ने कर्मचारीबाट दामासाहीले असुल उपर गरिने व्यवस्था सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ५ को उपदफा (३) मा उल्लेख गरेको छ। यस पालिकाले लाभग्राहीको नविकरणको लागि निवेदन वेगर एकमुष्ठ विगतको संख्या वरावर नै नविकरण गरेको छ। यसबाट बसाई सराई गरी गएका, मृत्यु भएकाहरुको लगत कट्टा नगरेकोले उल्लेखित कानुनको पालना भएको छैन। तसर्थ, वढि निकासा भए/नभएको यकिन हुन सकेन।<br>पारदर्शिता र जवाफदेहिताः<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक सस्था, गैरसरकारी सस्था, सामाजिक परिचालनमा संलग्न सस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्नेको साथै सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन।<br>सार्वजनिक सुनुवाईः<br>स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।<br>अनुगमन - | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन। भत्ता वितरणः<br>यस सम्बन्धी देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नम्बर २२ मा बैङ्कको छनौट गरी सम्झौता गर्दा सम्झौताको शर्तमा बैङ्कले निष्कृय (Dormat) खाताको विवरण प्रतेक साउन र माघ महिना भित्र पालिकालाई दिनुपर्ने, पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैङ्कले १५ दिन भित्र जम्मा गरी प्रत्येक खातामा रकम देखिने विवरण (Reverse Feed) सहित बाँकी रकम भए सो समेत पालिकालाई उपलब्ध गराउने र बैङ्कले लाभग्राहीको खातामा रकम जम्मा गरी सकेपछि पहिलो चौमासिकको मंसिर ७, दोस्रो चौमासिकको चैत्र ७ एवं तेस्रो चौमासिकको असार मसान्त भित्र भत्ता वितरणको विवरण अनुसूची ८ अनुसार बैङ्कबाट प्राप्त गर्नुपर्ने जस्ता व्यहोरा उल्लेख छ। तर, बैङ्कले उल्लेखित निष्कृय खाता, Reverse Feed र भत्ता वितरणको विवरण पालिकालाई उपलब्ध गराएको छैन। तसर्थः सामाजिक सुरक्षा भत्ता सम्बन्धित व्यक्तिलाई तोकिएको दरले वितरण भए/नभएको यकिन गर्न सकिएन। कार्यालयबाट सामाजिक सुरक्षा भत्ता बैङ्क खातामा भुक्तानी निकासा पश्चात मृत्यु भएका लाभग्राहीहरुको बाँचेको अवधिको रकम भुक्तानी गरी रोक्का रहेको रकम यकिन गरी संघीय संचितकोष दाखिला गर्नु पर्ने देखिन्छ।<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ को उपदफा (३) एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट तोकिएको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएमा वा कुनै कारणले भत्ता प्रापत गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा यस वारे पालिकाले कुनै कारवाही गरेको देखिएन। | |
| ६१ | | | **पदाधिकारी सुविधा** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. ५१ लाख सुविधा वापत भुक्तानी भएको छ ।</td><td></td></tr>
<tr><td>६२</td><td>२७</td><td>२०७८-८-१९</td><td>भ्रमण स्वीकृति<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा भुक्तानि दिँदा रित पुगे नपुगेको परिक्षण गरी दिनुपर्ने व्यवस्था छ । भ्रमण आदेश स्वीकृत गरी भ्रमण पश्चात भ्रमण प्रतिवेदन पेश गरेपछि भुक्तानी दिनुपर्ने व्यवस्था भ्रमण खर्च नियमावली २०६४ मा व्यवस्था छ । पालिकाले देहाय बमोजिम भुक्तानी दिँदा भ्रमण आदेश स्वीकृती वेगर भ्रमण खर्च लेखेको देखिएकोले असुल गर्नुपर्ने रु
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>६२.१</td><td>दिलिप सिंह धामी</td><td>८०००</td></tr>
<tr><td>६२.२</td><td>शान्ती धामी</td><td>८०००</td></tr>
<tr><td>६२.३</td><td>धर्मानन्द सिंह मन्याल</td><td>११०००</td></tr>
<tr><td>६२.४</td><td>रुकमती जागरी</td><td>८०००</td></tr>
<tr><td>६२.५</td><td>मुरी धामी</td><td>८०००</td></tr>
<tr><td>६२.६</td><td>धर्मानन्द सिंह मन्याल</td><td>२५०००</td></tr>
<tr><td>६२.७</td><td>धर्मानन्द मन्याल</td><td>७०००</td></tr>
</table></td><td>७५,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | **विविध खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.२२७४०००। खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| ६४ | | | **प्रोत्साहन खर्च**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । अपिहिमाल गाउँपालिकाको कर्मचारी थप प्रोत्साहन सम्वन्धी मापदण्ड २०७८ तर्जुमा गरी यो वर्ष रु ४०१०००। प्रोत्साहन भत्ता खर्च लेखेको छ । | |
| ६५ | | | **स्थानीय तथा महङ्गी भत्ता**<br><br>स्थानीय र महंगी भत्ता सम्वन्धमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति ०७४।१।२१ को मन्त्रिस्तरीय निर्णय अनुसार मन्त्रालयको चं.नं. २१७ मिति २०७४।१।२५ को परीपत्रले सबै निकायहरुमा एकरुपता कायम हुनेगरी स्वीकृत दरवन्दी भित्र करारमा रहेका व्यक्तिलाई आर्थिक वर्ष २०७४।७५ बाट लागू हुनेगरी तोकिए बमोजिम सेवा सुविधा उपलब्ध गराउने भनि जानकारी गराइएको छ । पालिकाले करार सम्झौता गर्दा उल्लेख नगरी विपद अधिकृत, योजना प्रमुख, इन्जिनियरलाई यस वर्ष रु ५०२६८०। स्थानीय भत्ता भुक्तानी दिएको छ । | |
| ६६ | | | **निरज तानसेन स्वरोजगार कार्यक्रम** | १,७९६,१९२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निरज तानसेन स्वरोजगार कार्यक्रम संचालन कार्यविधि, २०७६ को बुदा नं. ३ मा कुनै पनि व्यक्ति वा संघ संस्थाले रकम माग गर्दा संस्था दर्ता प्रमाणपत्र, लेखापरीक्षण प्रतिवेदन, संस्था वा समूहको पूँजी संरचना, लगानी सम्झौता सर्तानुसार र बेरोजगारहरुमा लगानी गरेको विवरण लगायतका विषयहरु समावेश गर्नुपर्नेमा व्यवस्था छ । तर पालिकाले भौचर नं. ३८-०७८।९।५, १०६-०७९।१।११ बाट सडक खन्ने कार्यवापत रु १७९६१९२। खर्च गर्दा उल्लेख भएका कुने कागजात संलग्न राखेको देखिएन । भौचर नं १०६-०७९।१।११ बाट भुक्तानी खर्च लेख्दा नापी किताव, काम गरेको विवरण, स्थान तथा लागत अनुमान तयार नगरी रु ९७१६४९। खर्च लेखेको देखियो । कार्यविधिमा भएको व्यवस्था विपरित भुक्तानी भएको रकम नापि किताव, कामको विवरण र स्थान तथा लागत अनुमान सहित संस्था दर्ता प्रमाणपत्र, लेखापरीक्षण प्रतिवेदन, संस्था वा समूहको पूँजि संरचना सहितका प्रमाण संलग्न गरी नियमित हुनुपर्ने अन्यथा असुल हुनुपर्ने देखिएको रु | |
| ६७ | | | **विदुर तथा अपाङ्ग भत्ता**<br><br>सामाजिक भत्ता वितरण कार्यविधि, २०७८ को बुदा नं ५ मा एकल पुरुषले रु ५००। का दरले २२ जना विदुर तथा ग वर्गका अपाङ्गता भएका ५७ जनालाई रु ५०० प्रति महिना र घ वर्गका अपाङ्गता भएका ४४ जनालाई रु ३०० प्रति मिहनाको सहित यो वर्ष रु. ७६४४००। खर्च गरेको छ । | |
| ६८ | | | **भ्रमण खर्चः**<br><br>सुदूरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छनः<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ६९ | | | **सम्परीक्षण तथा अनुगमन**<br><br>**सम्परीक्षण**—स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(२) (घ) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० अनुसार बेरुजू को लगत राख्ने र फछ्र्यौट गरी सम्परीक्षण गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने व्यवस्था छ।नगरपालिकाले बाँकी बेरुजू मध्ये डोर समक्ष सम्परीक्षणको लागि निम्नानुसार रु.१००५५१०९ पेश गरेकोमा रु. १००५५१०९ सम्परीक्षण गरी जानकारी दिईएको छ। | |

| आ.व | दफा | फछ्र्यौटको व्यहोरा | रकम |
|---|---|---|---|
| २०७५।७६ | ४८ | साल्ट ट्रेडिङ्गको पेश्की फछ्र्यौट | २०००० |
| २०७७।७८ | ५५ | प्रमाण पेश | ७३५०००० |
| २०७७।७८ | ५६ | असुल | ३८१३१ |
| २०७७।७८ | ४६ | असुल | ३०८४२७ |
| २०७७।७८ | २७ | असुल | ४२४० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २०७७।७८ | ७३ | असुल | १०२८ |
| २०७७।७८ | ७३ | असुल | ६१५८ |
| २०७७।७८ | ५७ | प्रमाण पेश | ५८७११४ |
| २०७७।७८ | ५९ | प्रमाण पेश | १४४७५० |
| २०७७।७८ | ४९ | प्रमाण पेश | १०६९६८४ |
| २०७७।७८ | ७३ | असुल | २१५० |
| २०७७।७८ | ४६ | प्रमाण पेश | ३०८४२७ |
| २०७७।७८ | ३८ | असुल | ३५००० |
| | | **जम्मा** | **१००५५१०९** |